जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः २०६ पृष्ठः ४ | २०८२ मंसिर २१ आइतबार (Sunday 07 Dec. 2025) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## चुरे क्षेत्रको अवैध उत्खनन रोक्न अनुगमन



सिरहा, २० मंसिर। सिरहाको धनगढीमाई, गोलबजार र मिर्चैया नगरपालिकामा पर्ने चुरे क्षेत्र मूल भएर बग्ने गागन, कशाहा, बाखेट र घुर्मीखोलामा अवैध रूपमा भइरहेको ढुङ्गा, गिट्टी र बालुवाको उत्खनन रोक्न जिल्ला प्रशासन कार्यालयको टोलीले आज स्थलगत अनुगमन गरेको छ। चुरेबाट नदीजन्य पदार्थको तोकिएको सीमाभन्दा बढी उत्खनन तथा अनियमित गतिविधिबारे लगातार गुनासो आएपछि अनुगमन टोली परिचालन गरिएको हो।

अनुगमनपछि सहायक प्रमुख जिल्ला अधिकारी चेतराज बरालले अवैध उत्खननले वातावरणीय तथा भौतिक जोखिम बढाउने भएकाले कानुनी प्रक्रियाअनुसार मात्र उत्खनन गराइने बताए। उनले गलत कार्यलाई कडाइका साथ नियन्त्रण गर्ने उद्देश्यले अनुगमन गरिएको उल्लेख गरे। उनले भने, “बारम्बार गुनासो आउन थालेपछि वास्तविक अवस्था के छ भनेर बुझ्न हामीले अनुगमन गरेका हौं। यसक्रममा जथाभावी खोला उत्खनन गरेको, निजी जग्गासम्म खोस्रो मापदण्डविपरीत ढुङ्गा, गिट्टी, बालुवा निकालिएको पाइएको छ।

कतिपय स्थानमा करिब २० फिट गहिरोसम्म खाल्डा पारिएकाले ती क्षेत्रहरू जोखिमपूर्ण बनेका छन्।” सहायक प्रमुख जिल्ला अधिकारी बरालले अवैध उत्खननलाई तत्काल रोक्न निर्देशन दिँदै भने, “देखिएका कमजोरीबारे ठेकेदारलाई सचेत गराएका छौं। अबदेखि मापदण्डअनुसार कानुनले तोकेको प्रक्रिया पालन गर्नुपर्छ। अवैध उत्खनन कानुनविपरीत हुनुका साथै यसले वातावरणीय जोखिम पनि निम्त्याइरहेको हुन्छ, यसलाई रोक्न जरुरी छ।”

अनुगमनका क्रममा गोलबजार-१ मुक्सार बलडाँडाका स्थानीयले घरनजिकै ठेकेदारले गिट्टी, बालुवा उत्खनन गरी ठूलाठूला खाल्डा पारेकाले जोखिम बढेको गुनासो गरे। धनगढीमाई-८ स्थित परोपकार गिट्टी-बालुवा उद्योग तथा पुष्पदीप क्रसर उद्योगलाई दुई दिनभित्र आवश्यक कागजातसहित जिल्ला प्रशासन

-बाँकी दुई पेजमा

## लहानमा विद्यालयको चारकोठे भवन उद्‌घाटन



**मणिलाल विश्वकर्मा**

लहान, २० मंसिर। पडरिया थारूटोलस्थित श्री माविको चारकोठे दुईतले नवनिर्मित भवनको उद्‌घाटन भएपछि दैनिक पठनपाठन सहज भएको छ। लहानका नगर प्रमुख महेशप्रसाद चौधरीले शुक्रबार आयोजित समारोहबिच रिबन काटेर भवनको उद्‌घाटन गर्दै विद्यार्थीका लागि सुरक्षित वातावरणमा पढ्न पाउने अधिकारका लागि नगरपालिकाले शिक्षा क्षेत्रलाई उच्च प्राथमिकता दिएको बताए।

पूर्व-पश्चिम लोकमार्ग खण्डमा पर्ने लहानको नमुना विद्यालयको रूपमा विकास गर्ने गरी संघीय सरकारसँगको साझेदारीमा भवन निर्माण गरिएको उनले बताए। उनका अनुसार गरिब र विपन्न परिवारका विद्यार्थी पढ्ने ११ वटा

-बाँकी दुई पेजमा

## कृषि उत्पादनमा आत्मनिर्भर बनौं।

- कृषियोग्य जमिनमा खेती गरौं, बाँझो नराखौं,
- स्थानीय उत्पादनलाई बजारसम्म पुर्‍याउन बजार संयन्त्रको विकास गरौं,
- कृषि उत्पादनको उचित मुल्य निर्धारण गरौं,
- आयातित वस्तुलाई प्रतिस्थापन गरौं,
- आधुनिक प्रविधि र सिँचाइ प्रणालीको प्रयोग गरी उत्पादन बढाऔं,
- कृषकलाई आवश्यक मल, वीउ समयमै उपलव्ध गराऔं,
- कृषकलाई सीप, तालिम र सहुलियत ऋण उपलव्ध गराऔं,
- कृषि सहकारी र समूह खेतीमार्फत सामूहिक खेतीमा आवद्ध होऔं,
- युवाहरूलाई कृषिमा आकर्षित गर्न नवीन अवसर र प्रविधि उपलब्ध गराऔं,
- कृषि पेशाप्रति सम्मान र गौरव गरौं।

**कृषि उत्पादन बढाऔं, आत्मनिर्भर बनौं ।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## एआई’को प्रयोगसम्बन्धी तालिम, सामाजिक रूपान्तरणमा उपयोग गर्न जोड

**मणिलाल विश्वकर्मा**

सिरहा, २० मंसिर। विभिन्न सञ्चारमाध्यममा कार्यरत पत्रकारसहित कृत्रिम बुद्धिमत्ता (एआई)को प्रयोग गर्नेहरूले त्यसलाई सामाजिक रूपान्तरणका लागि उपयोग गर्न जोड दिइएको छ। आमसञ्चार प्राधिकरण मधेश प्रदेशको आयोजना र नेपाल पत्रकार महासंघ सिराहाको समन्वयमा बिहीबार लहानमा आयोजित एआई प्रयोगसम्बन्धी एकदिने तालिममा मधेश प्रदेश सभा सदस्य सज्जयकुमार यादवले सामाजिक सञ्जाल र एआईले



समाजमा ठुलो प्रभाव पारिरहेको उल्लेख गरे।

पूर्वमन्त्रीसमेत रहेका प्रदेश सभा सदस्य यादवले पछिल्लो समय विश्वभर चुनावमा एआई र सामाजिक सञ्जाल महत्त्वपूर्ण कारकका रूपमा उभिँदै गएको चर्चा गर्दै गलत सूचनाले आमनागरिकलाई प्रभावित पार्न सक्ने भएकाले सचेत हुनुपर्ने औँल्याए। एआई र सामाजिक सञ्जाल सकारात्मक रूपमा उपयोग गरिए समाजलाई दिशानिर्देश गर्न सक्छ, तर अफवाह फैलाउने र भ्रमपूर्ण सूचनाले समाजलाई दिग्भ्रमित पार्न सक्ने खतरा पनि उत्तिकै ठुलो छ,’ उनले भने।

कार्यक्रममा नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य भरत जर्घामगरले सामाजिक सञ्जाल र एआईको बढ्दो प्रयोगका कारण वास्तविक समाचारको खडेरीजस्तो स्थिति सिर्जना भएको बताए। यसले व्यावसायिक पत्रकारितामै चुनौती थपेको उल्लेख गर्दै उनले नयाँ पुस्ता प्रविधिमा पोख्त भए पनि कन्टेन्ट सिर्जनामा कमजोरी रहेको औँल्याए। युट्युबरहरूको गतिविधिसम्बन्धी चासो बढ्दै गएको उल्लेख गर्दै उनले महासंघले प्रेस काउन्सिल, सरकार तथा सरोकारवालासँग समन्वय गरेर नियमन निर्देशिका तयार पार्ने काम भइरहेको जानकारी दिए।

नेपाल पत्रकार महासंघ सिराहा शाखाका अध्यक्ष मनोज बनैता यादवले एआई उपकरणहरू सहयोगी भए पनि पूर्ण विश्वसनीय नहुने भन्दै यसको दुरुपयोग बढ्न सक्ने आशंका व्यक्त गरे। सञ्चारकर्मीले एआईको मात्रामा होइन, सही प्रयोग र तथ्य-जाँचसम्बन्धी क्षमता बढाउनुपर्छ,’ उनले भने।

-बाँकी दुई पेजमा




GUPTA BROTHER'S AUTO TRADE Mirchaiya, 033-550744 | 9801552812

# सम्पादकीय

## बाबुछोरीकै 'आत्महत्या' मा 'हत्यारा' को को ?

नागरिकताको प्रमाणपत्र लिन सरकारी आ, अदालत र स्थानीय तहमा धाउँदा धाउँदा आजित भएपछि निराशामा गरिएको आत्महत्यालाई राज्यले गरेको 'हत्या' भन्न कानुनीरूपमा त नमिल्ला तर कटु वास्तविकता भने त्यही हो। यसरी हेर्दा बर्दिया बढैयाताल – ४ कि अन्जु थारु र उनका बाबुको आत्महत्या पनि प्रकारान्तरले शासन प्रणालीले गरेको हत्या नै देखिन्छ।

अदालतबाट अंश मुद्दा पनि जितेपछि अन्जु थारुलाई आफ्नो र छोरीको भागको जमिनको जग्गा धनी प्रमाणपत्र पाउन नेपाली नागरिकताको प्रमाणपत्र र छोरीको जन्मदर्ताको प्रमाण आवश्यक भयो। तर उमेर नपुगी भएको उनको विवाह दर्ता नभएको र अदालतले स्पष्ट आदेश नदिएको भन्दै वडा कार्यालयले अन्जुलाई नागरिकताको प्रमाणपत्र दिनका लागि सिफारिस गर्न आलटाल गर्दै ६ वर्ष बिताइदियो।

नागरिकताको प्रमाणपत्र पाउन नसकेकै कारण छोरी अन्जुले आत्महत्या गरेपछि शोकविह्वल उनका बाबु कान्छा थारुले पनि आत्महत्या गरे। अदालतले अन्जुको विवाह बदर गरेको पनि थिएन। वडा कार्यालयले सबै बेहोरा खोलेर जिल्ला प्रशासनमा आलटाल नगरी सिफारिस दिन नमिल्ने थिएन। यसैले बर्दिया बढैयाताल – ४ वडा कार्यालयको आलटाल अन्जुको आत्महत्याको एउटा प्रमुख कारक देखियो।

अन्जु र कान्छा थारुको आत्महत्यालाई आवेग वा निराशाको उपजमात्र भनेर पन्छाउनु नेपालको प्रशासनिक संस्कृति नबुझ्नु वा बुझ्न नखोज्नु हुनेछ। यथार्थमा शासनमा प्रभाव वा सम्पत्ति नहुने 'मामुली' जनताका लागि राज्य अझै पनि राणाकालमा जत्तिकै बिरानो छ। अा। अदालतको चक्करबाट पार पाउनु चक्रव्यूहबाट सकुशल निस्कनु सरह नै देखिन्छ।

बर्दिया बढैयाताल –४ का वडा अध्यक्षको तर्कमा रकमी जालझेल ध्वनित हुन्छ। सम्भवतः वडाध्यक्षले थोरैमात्र पनि सहानुभूति राखेर सहयोग गरेका भए अन्जु आत्महत्याको अवस्थामा पुग्ने थिइनन्। अहिले अन्जुका 'पति'विरुद्ध आत्महत्या दुरुत्साहनको मुद्दा दायर गरिएको छ। अन्जुको आत्महत्याको प्रमुख कारक उनै देखिन्छन्। परन्तु, अन्जुलाई आत्महत्या गर्ने अवस्थामा पुऱ्याउने भने ऊमात्र होइनन्। बर्दिया अदालतमा गएर अंश मुद्दा जित्ने अन्जुलाई आत्महत्याको अवसथामा पुऱ्याउन बर्दिया बढैयाताल –४ का वडा अध्यक्षदेखि जिल्ला प्रशासन बर्दियाका अधिकारीसमेत नैतिकरूपमा जिम्मेवार देखिन्छन्। साथै, सरकारी कार्यालय जनसाधारणका लागि कति बिरानो छन् भन्ने पनि यसले देखाउँछ।

अदालतको निर्णयमा टेकेर अन्जुकी छोरीको जन्मदर्ता गर्न कानुनन पनि मिल्ने देखिन्छ। यस्तै अन्जुलाई बाबुको नामबाट पनि नागरिकता दिन सिफारिस गर्न मिल्थ्यो। अन्जुले त्यसका लागि छुट्टै निवेदन नदिएकी भए पनि वडा अध्यक्षले उनलाई सल्लाह दिनुपर्थ्यो। जनप्रतिनिधि त के सरकारी कर्मचारीले पनि प्रशासनिक विधि र प्रक्रिया नजानेका सेवाग्राहीलाई उपयुक्त सुझाव र सहयोग दिनु कर्तव्य हो।

नागरिकताको प्रमाणपत्रविना सन्तानको जन्मदर्तादेखि अदालतले फैसला गरेर उपलब्ध गराएको अंशस आफ्नो नाममा गर्नेजस्ता प्रशासनिक काम नहुने र नागरिकताको प्रमाणपत्र पाउन जटिल र दुरुह विधि एवं प्रक्रिया छिचोल्नुपर्ने कठिनाइले सर्वसाधारणले भोग्नुपर्ने सास्तीको पनि प्रतिनिधि उदाहरण अन्जुको आत्महत्या हो। सुशासनको अर्थ राज्य नागरिकको सहज पहुँचमा हुनु पनि हो।

राजनीतिका नाममा आन्दोलन, विद्रोह, विध्वंसमा स्वेच्छाले लाग्दा राज्यका सुरक्षाकर्मीबाट ज्यान गए सहिदु ठहरिने, घाइते भए क्षतिपूर्ति र भत्ता पाइने शासन व्यवस्थामा राज्यकै संवेदनहीनता र विधि प्रक्रियाको रकमी चक्रव्यूहबाट उम्कन नसकेर नागरिकले ज्यान दिँदा न्याय हुने वा पाउने सम्भावना बिरलै देखिन्छ। राज्यकै उपेक्षाका कारण आमा र हजुरबाबु गुमाएकी नाबालिकाको भरणपोषण कसरी होला भन्ने पनि राज्यको चासोको विषय त बन्नुपर्ने हो। नेपाली नागरिकले कागजपत्र बनाउन वा नजराना बुझाउन नसकेकै कारण नागरिकताको प्रमाणपत्र नपाउने अवस्था हुँदासम्म देशमा सुशासन भएको मान्न सकिँदैन। यसैले सुशासनका नाममा भएको आन्दोलनबाट सत्तामा पुगेको सरकारले यस्ता अनुचित प्राविधिक र कागजी अप्ठेरा सरल बनाएर जनतालाई रकमी चंगुलबाट मुक्त बनाउन ध्यान देओस्।

# कांग्रेस परिवर्तनको संघारमा



डिल्लीराम ढकाल

काठमाडौँ, २० मंसिर। नेपाली कांग्रेस अहिले आफ्नै इतिहासको एक संवेदनशील मोडमा उभिएको छ। देशभर पार्टीका कार्यकर्ता र समर्थकहरूबीच निराशा, असन्तोष र अनिश्चितताको गहिरो प्रभाव फैलिँदै गएको छ । पछिल्ला वर्षहरूमा सत्ता केन्द्रित अवाञ्छित समझदारी, गठबन्धनको नाममा भएका निरन्तर विवाद, आन्तरिक गुटबन्दी, संघीय तथा प्रादेशिक सरकार गठनमा देखिएको अस्थिरता, भ्रष्टाचारविरुद्ध प्रभावकारी कदम चाल्न नसकिएको कमजोर इच्छाशक्ति र समसामयिक समस्यामा कांग्रेसको अस्पष्ट भूमिकाले जनविश्वास क्रमशः खस्काउँदै लगेको छ ।

वैदेशिक रोजगार, महँगी, कर प्रणाली, स्वास्थ्य सेवा, शिक्षा र रोजगारीजस्ता प्रत्यक्ष जनजीवनसम्बन्धी विषयमा पार्टीको सक्रिय र ठोस हस्तक्षेप नदेखिनु पनि अविश्वासको अर्को प्रमुख कारण बनेको छ । तैपनि यतिबेला कांग्रेसप्रति जनताको आशा पूर्णरूपमा हराइसकेको भने छैन । यही बाँकी रहेको आस्था नै परिवर्तनको सबैभन्दा ठूलो आधार हो । दुर्भाग्य, शीर्ष नेतृत्वको ढिलासुस्ती, मनोवैज्ञानिक थकान, सत्ताबाट टाढा पुग्नु पर्ने भय र जनहितप्रति देखिएको राजनीतिक निष्क्रियताले आवश्यक रूपान्तरणको ढोका लामो समयदेखि बन्दजस्तै अवस्थामा रहेको छ ।

विसं २०४६ सालपछि पुनःस्थापित प्रजातान्त्रिक यात्रामा नेपाली कांग्रेसले निर्वाह गरेको ऐतिहासिक भूमिका महत्त्वपूर्ण छ । तर सोही कालखण्डमा पार्टीले आफ्नो नैतिक इमान, संगठनात्मक ऊर्जा र जनतासँगको आत्मीय सम्बन्ध क्रमशः क्षय गरिरहेको कठोर सत्य पनि उत्तिकै स्पष्ट छ।

नेताहरूमा देखिएको सामन्ती प्रवृत्ति, पहुँच केन्द्रित व्यवहार, भागबण्डा, चाप्लुसी र गुटगत दबाबमा आधारित निर्णय प्रक्रियाले पार्टीलाई भित्रैदेखि कमजोर बनाएको छ । विचार, सिद्धान्त र नीतिमा आधारित राजनीतिक संस्कार कमजोर हुँदै गएपछि कांग्रेस जनताबाट क्रमशः टाढिँदै गएको हो । एक समय परिवर्तनको नेतृत्व गर्ने पार्टी बिस्तारै गुटगत प्रभाव र पहुँचको आधारमा चल्ने संरचनामा परिणत भयो जहाँ आदर्शभन्दा पहुँच नै प्रमुख मापदण्ड बन्यो ।

यसैबीच देशमा नयाँ पुस्ताको राजनीतिक चेतना तीव्ररूपमा उठ्यो । गत भदौ २३/२४ को युवाको आन्दोलनले पुरानो राजनीतिक शैलीप्रतिको असन्तोषमात्र होइन जिम्मेवार, व्यवहारिक र आधुनिक नेतृत्वप्रतिको प्रबल चाहना पनि स्पष्ट गऱ्यो । नयाँ पुस्ता अब भाषणभन्दा कामको मूल्यांकन गर्छ । उनीहरू छरितो निर्णय प्रक्रिया, पारदर्शिता, योग्यतामा आधारित अवसर, भ्रष्टाचारविरुद्ध कठोरता, तथ्य आधारित नीति र उत्तरदायी नेतृत्व खोजिरहेका छन् । यही खोजको बीच गगन थापाले कांग्रेसको केन्द्रीय सभापति पदमा प्रतिस्पर्धा गर्ने घोषणा गरेपछि उनी एउटा विकल्पमात्रै होइन नयाँ राजनीतिक पुस्ताको प्रतिनिधि पात्रका रूपमा उदाएका छन् ।

हाल कांग्रेस महामन्त्री रहेका गगन थापाको राजनीतिक यात्रालाई आन्दोलन, संघर्ष र नीतिगत नवप्रवर्तनको अद्वितीय संयोजनको रूपमा अर्थ्याइन्छ । विसं २०६२/६३ को जनआन्दोलनमा नेतृत्वदायी उपस्थिति देखाउँदै उनी युवापुस्ताको सबल आवाजका रूपमा उदाएका हुन । त्यस यता उनले संसद्मा गरेको तथ्य आधारित हस्तक्षेप, मन्त्री भएको समय स्वास्थ्य मन्त्रालयमा गरिएको संरचनागत सुधार, स्वास्थ्य सेवा विस्तार तथा पारदर्शी निर्णयहरूले उनलाई परिणाममुखी, आधुनिक र विश्वसनीय नेता बनाएको छ । उनी २१औँ शताब्दीको उदार राजनीतिक मूल्यमा अडिएका, उत्तरदायी र जनताप्रति जवाफदेही नेतामा स्थापित भइसकेका छन् ।

यस्तो निर्णायक मोडमा गगन थापाले सभापति पदका लागि उम्मेदवारी घोषणा गर्नु व्यक्तिगत आकांक्षामात्र नभएर कांग्रेस रूपान्तरणको ऐतिहासिक थालनी पनि हो भन्ने बुझ्नुपर्छ । थापाको घोषणालाई अर्का महामन्त्री विश्वप्रकाश शर्माको स्पष्ट, तर्कसम्मत र सार्वजनिक समर्थनले अझ सशक्त बनाएको छ । विश्वप्रकाश शर्मा नैतिक स्थिरता, नीतिगत स्पष्टता, संगठनभित्रको स्वच्छ संस्कार र प्रभावशाली अभिव्यक्तिका कारण युवापुस्ताबीच अत्यन्त लोकप्रिय छन्। यस्ता नेतृत्व चरित्रहरू एउटै लक्ष्यसहित उभिनाले कांग्रेसभित्र तीन दशकपछि पहिलोपटक एकीकृत, आत्मविश्वासी र सुधारवादी नेतृत्व उदाउँदैछ भन्ने सशक्त संकेत दिन्छ । यसभन्दा ठूलो परिवर्तन भनेकै कांग्रेसभित्र विकसित हुँदै गएको युवा सहकार्यको वातावरण हो । गगन थापा, विश्वप्रकाश शर्मा, गुरु घिमिरे, प्रदीप पौडेल, देवराज चालिसेजस्ता नेताहरूबीच प्रतिस्पर्धाभन्दा सहकार्य, गुटगत राजनीतिभन्दा विषय आधारित राजनीति र पहुँचभन्दा योग्यतालाई प्राथमिकता दिने राजनीतिक संस्कार देखिनु कांग्रेस रूपान्तरणको वास्तविक आधारशिला हो। यसले कांग्रेसलाई पुनः जनआधारित, सिद्धान्तनिष्ठ, पारदर्शी र भविष्यमुखी राजनीतिक संस्थाका रूपमा पुनर्निर्माण गर्ने सम्भावनालाई उज्यालो बनाएको छ।

कांग्रेसलाई अहिले नेतृत्व परिवर्तनमात्र होइन राजनीतिक संस्कृतिको आमूल रूपान्तरण आवश्यक छ । संगठनात्मक पुनर्संरचना, पारदर्शितामाथि आधारित नेतृत्व छनोट, भ्रष्टाचारविरुद्ध शून्य सहनशीलता, योग्यतामा आधारित प्रतिस्पर्धा र युवापुस्ताको प्रभावकारी भूमिकालगायत नै कांग्रेस पुनर्जागरणका मूल आधारहरू हुन सक्छन् । गगन–विश्वप्रकाश नेतृत्व संयोजनले यी आधारहरूलाई व्यवहारमा उतार्ने दृष्टि, क्षमता र इच्छाशक्ति राख्ने अपेक्षा स्वाभाविक छ ।

जनताको आलोचना कांग्रेसको अन्त्य नभएर चेतावनी र अवसर हो भन्ने कांग्रेसीहरूले बुझ्नुपर्छ । जनताले कांग्रेसलाई अस्वीकार गरिसकेका छैनन्। उनीहरूको आस्था अझै बाँकी छ र त्यो सक्रिय रूपमा पुनर्जीवित हुन बाँकी छ । महाधिवेशन घोषणा भइसकेको सन्दर्भमा अहिले उठेको मूल प्रश्न यही हो – कांग्रेसले यो सम्भावनालाई समात्छ कि फेरि एक पटक चुक्छ? सन्देह भने बाँकी नै छ ।

यस्तो अवस्थामा गगन थापाको सभापति पदमा उम्मेदवारी र विश्वप्रकाश शर्माको दृढ साथ,दुवैले मिलेर कांग्रेस रूपान्तरणको सबैभन्दा अपेक्षित,विश्वसनीय र साहसिक अध्याय रच्न सक्नुपर्छ । यो नेतृत्व नयाँ अनुहारमात्र नभएर नयाँ सोच, नयाँ संस्कार र नयाँ राजनीतिक युगको स्पष्ट घोषणा हो भन्ने प्रमाणित गर्नुपर्छ । सारांशमा, सिंगो नेपाल अहिले परिवर्तनको खोजीमा छ ।

त्यो परिवर्तन शासन शैलीमा, राजनीतिक संस्कारमा र पुराना स्थापित दलहरूको व्यवहारमा अपेक्षा गरिएको छ । र, ती सम्भावित अध्यायहरूमध्ये कांग्रेसभित्र अहिले सबैभन्दा भरोसायोग्य अध्याय गगन–विश्वप्रकाश नेतृत्वबाट संभव छ भन्ने कांग्रेसी कार्यकर्ता र नेताहरूले बुझ्न ढिलो गर्नु हुँदैन । कम्तीमा उनीहरूलाई निरूत्साहित गर्ने काम त कांग्रेसीहरूले गर्नै हुँदैन ।बाह्रखरीबाट

### चुरे क्षेत्रको ...

कार्यालयमा उपस्थित हुन निर्देशन दिइएको बरालले जानकारी दिए।

सहायक प्रमुख जिल्ला अधिकारी बरालको नेतृत्वमा भएको अनुगमन टोलीमा इलाका प्रशासन कार्यालय लहानका प्रमुख वेदनिधि खनाल, आन्तरिक राजस्व कार्यालय लहानका प्रमुख कर अधिकृत भीम काफ्ले, सिँचाइ विकास डिभिजन कार्यालय सिरहाका प्रमुख हस्मत अन्सारी, गोलबजार नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत योगेन्द्र महतो, इन्जिनियर जयगणेश सिंह, जिल्ला समन्वय समितिका प्रतिनिधि तथा सुरक्षाकर्मीको सहभागिता थियो।

यसअघि सोही टोलीले लहान नगरपालिकामा पर्ने खुट्टीखोला क्षेत्रको पनि अनुगमन गरिसकेको छ। इलाका प्रशासन कार्यालयका प्रमुख खनालले जिल्लाका विभिन्न नदी तथा खोलामा हुने अवैध उत्खनन रोक्न नियमित अनुगमन जारी रहेको बताए।

### लहानमा विद्यालयको...

सामुदायिक विद्यालयमा गत आर्थिक वर्ष ०८१/८२ देखि स्टेसनरी वितरण भइरहेको छ। चालू आर्थिक वर्षदेखि नगरका ५९ वटै विद्यालयमा पढ्ने हरेक विद्यार्थीलाई स्टेसनरी सामान दिँदैछौं,' उनले भने।

लहान– १२ का वडाध्यक्ष बद्रीनारायण चौधरीले नगरपालिकाको निरन्तरको सहयोगले विद्यालय भौतिक पूर्वाधार, शैक्षिक गतिविधि र पढाइमा अब्बल बन्दै गएको बताए। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष छेदीलाल चौधरीले नगरको सहयोगमा विद्यालयले अंग्रेजी तथा नेपाली माध्यममा पढाइ सुरु गरेपछि आफ्ना छोराछोरीलाई निजी विद्यालयमा पढाइरहेका अभिभावकहरू पनि छोराछोरीको भनाइका लागि यहाँ आउन थालेको बताए।

विद्यालयका प्रधानाध्यापक मनोजकुमार यादवका अनुसार संघीय सरकार र नगरपालिकाको साझेदारीमा ५५ लाख ९६ हजार ७६५ रुपैयाँको लागतमा भवन निर्माण गरिएको हो। काठमाडौंस्थित रोशन राजु कन्स्ट्रक्सन कन्सल्टेसी एन्ड सप्लायर्सले गत फागुनदेखि निर्माण थालेको भवन करिब १० महिनाको अवधिमा सम्पन्न भएको नगरपालिकाका इन्जिनियर धीरेन्द्रकुमार राउतले जानकारी दिए।

### एआई'को ....

आमसञ्चार प्राधिकरण मधेश प्रदेशका अध्यक्ष जितेन्द्र खड्गाले पत्रकारहरूको समयानुकूल व्यावसायिक विकासलाई मध्यनजर गर्दै एआईसम्बन्धी तालिम चलाइएको बताए। उनका अनुसार बुधबार सप्तरीबाट गरिएको तालिम सिराहा हुँदै मधेश प्रदेशअन्तर्गतका सबै जिल्लामा गरिँदै छ। तालिममा जीवन भण्डारी र प्रकाश मैनालीले एआईका आधारभूत प्रयोग, जोखिम र अवसरका विषयमा सहजीकरण गरेका थिए।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो।

# टुट्यो मधेसी दलको सिन्डिकेट', गिज्याउँदै एमाले र कांग्रेस

काठमाडौँ, २० मंसिर । मधेस प्रदेशमा लामो समयदेखि कायम मधेसवादी दलहरूको सिन्डिकेट' तोडिएपछि नेकपा एमाले र नेपाली कांग्रेसका नेताहरू उत्साहित देखिएका छन् । विगत लामो समयदेखि मधेस प्रदेशमा मधेस केन्द्रित दलहरूले आलोपालो सरकार सञ्चालन गर्दै आएका थिए भने गैर–मधेसी दललाई नेतृत्वको अवसर दिएका थिएनन् । २०७४ सालदेखि २०८२ कात्तिक २२ गतेसम्म मधेसमा मधेस केन्द्रित दलहरूकै सरकार थियो । तर, कात्तिक २४ गते बिहानै बर्दिवासको एक कटेजमा तत्कालीन प्रदेश प्रमुख सुमित्रा भण्डारीले एमालेका नेता सरोज यादवलाई मुख्यमन्त्री पदको शपथ खुवाएपछि राजनीतिले नयाँ मोड लियो ।



उक्त कदमको विरोधमा कांग्रेस, माओवादी केन्द्र, नेकपा (एस), जसपा नेपाल, जनमत पार्टी, लोसपालगायत सात दल उभिए । विवाद सर्वोच्च अदालतसम्म पुग्यो र अदालतले २४ घण्टाभित्र वैधानिक प्रक्रिया पुर्‍याउन आदेश दियो । अन्ततः विश्वासको मत नलिँदै एमालेका सरोज यादवले मङ्सिर १७ गते मुख्यमन्त्री पदबाट राजीनामा दिए ।

त्यसपछि मङ्सिर २० गते नेपाली कांग्रेसका नेता कृष्ण यादवले मधेसवादी दलहरू ( जसपा नेपाल, लोसपा नेपाल, जनमत पार्टी, नागरिक उन्मुक्ति पार्टी) तथा माओवादी केन्द्र र नेकपा एमालेको समेत सहयोगमा मुख्यमन्त्रीको शपथ लिए । आठ वर्षदेखि मधेसमा चलेको मधेसी दलको एकाधिकार टुटेपछि कांग्रेस र एमालेका नेताहरू खुसी देखिएका छन् भने मधेसवादी दलका नेताहरूले असन्तुष्टि व्यक्त गरिरहेका छन् ।

**नेताहरूको प्रतिक्रिया र आरोप–प्रत्यारोप**

एमालेका महासचिव शङ्कर पोखरेलले मधेस प्रदेशमा कांग्रेसको नेतृत्वमा बनेको सरकारलाई फेसबुकमार्फत स्वागत गरेका छन् । मधेसमा कांग्रेस र एमालेका नेता मुख्यमन्त्री हुनै सक्दैनन् भन्ने भाष्य एमाले नेता सरोज यादवले जोखिम मोलेर तोडेको उल्लेख गर्दै महासचिव पोखरेलले एमालेकै कारण कांग्रेसले नेतृत्व पाएको दाबी गरेका छन् ।

यता, कांग्रेसका नेता एवं नवनियुक्त मुख्यमन्त्री कृष्ण यादवले पनि यो परिवर्तनलाई सकारात्मक भनेका छन् ।

उनले फेसबुकमा लेखेका छन्, नेपाली राजनीतिमा देखिएको यो परिवर्तन निश्चय नै सकारात्मक र स्वागतयोग्य छ । मधेसी जनताको जनादेश अनुरूपको नेतृत्व स्थापित हुनु लोकतान्त्रिक परिपक्वताको सङ्केत हो ।'तर, एमाले महासचिव पोखरेलको अभिव्यक्तिपछि उनको आलोचना सुरु भएको छ । सामाजिक सञ्जालमा आएका प्रतिक्रियाहरूमा एमालेप्रति आक्रोश व्यक्त गरिएको छ ।

जनता समाजवादी पार्टी ( जसपा) नेपालका महासचिव रामकुमार शर्माले महासचिव पोखरेललाई आत्मरतिमा नरमाउन आग्रह गरेका छन् । शर्माले एमाले नेताहरूको गलत निर्णयका कारण प्रदेश प्रमुख, सभामुख र मुख्यमन्त्री गुमाउनु परेको तथा मधेसमा एमाले एक्लिएको टिप्पणी गरेका छन् । उनले एमाले संसदीय दलका नेता सरोज यादवको अहङ्कार र अदूरदर्शी सोचका कारण एमालेको राजनीतिक हार भएको र यसको परिणाम आगामी चुनावमा देखिने चेतावनी दिए ।

लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालका महासचिव डा. सुरेन्द्रकुमार झाले विगत सात वर्षमा पहिलो पटक मधेस प्रदेश सरकारको नेतृत्वमा कांग्रेस र एमाले आउनुले सम्पूर्ण मधेस केन्द्रित दलहरूलाई गिज्याइरहेको टिप्पणी गरेका छन् । जेनजी' आन्दोलनपश्चात् संघीय सरकारबाट बढारिएका पार्टीहरू मधेस सरकारमा जानु भनेको मधेस केन्द्रित दललाई चुनौती दिनु सरह भएको भन्दै उनले मधेसवादी दलले सरकारलाई समर्थन गरे पनि सरकारमा सहभागी हुन नहुने धारणा राखेका छन् ।

**सरकार परिवर्तनको शृङ्खला**

२०७४ को निर्वाचनपछि मधेसमा जसपा नेपालका लालबाबु राउतले पाँच वर्ष पूर्ण कार्यकाल सरकार चलाएका थिए । २०७९ को चुनावपछि पुसमा जसपा नेपालकै सरोज यादव मुख्यमन्त्री बने । तर, केन्द्रको सत्ता समीकरण फेरिएपछि उनले २०८१ जेठमा राजीनामा दिए । त्यसपछि जनमत पार्टीका सतिश कुमार सिंहले २०८१ जेठ २५ गते मुख्यमन्त्रीको शपथ लिए ।

यद्यपि, जेनजी' आन्दोलन चर्किएपछि पार्टीकै निर्देशनमा भदौ २४ गते उनले फेसबुकमार्फत राजीनामाको घोषणा गरे । पछि आन्दोलन थामथुम पार्न मात्र त्यसो गरिएको बताए पनि पार्टीले फिर्ता बोलाउने प्रक्रिया थालेपछि असोज २८ गते उनले विधिवत् राजीनामा दिए । असोज २९ गते लोसपा नेपालका जितेन्द्र सोनल मुख्यमन्त्री नियुक्त भए । तर, विश्वासको मत लिने क्रममा माओवादी केन्द्र र जनमत पार्टीका सांसदहरूको असहयोगका कारण प्रक्रिया सुरु नहुँदै कात्तिक २२ गते उनले पनि राजीनामा दिए । मधेस केन्द्रित दलबाट सोनल नै अन्तिम मुख्यमन्त्री बने ।

त्यसपछि पाँच दलले संविधानको धारा १६८ (२) बमोजिम सरकार गठनको माग गरे । तर, तत्कालीन प्रदेश प्रमुख सुमित्रा भण्डारी उपचारको बहानामा काठमाडौँ हिँडेको र बाटोमै बर्दिवासको एक कटेजमा एमालेका सरोज यादवलाई शपथ गराएको घटनाले ठूलो विवाद निम्त्याएको थियो । अहिले गैर–मधेसी दल कांग्रेसका कृष्ण यादव मुख्यमन्त्री बनेपछि मधेसको राजनीतिमा नयाँ तरङ्ग पैदा भएको छ । आठ वर्षको अवधिमा मधेसवादी दलबाट लालबाबु राउत, सरोज यादव ( जसपा), सतिश सिंह र जितेन्द्र सोनल गरी चार जनाले मुख्यमन्त्रीको जिम्मेवारी सम्हालिसकेका छन् ।रातोपाटीबाट

# नेकपाको अपानि : मतदातालाई चुनाव चिह्न चिनाउने, कुशासनका सूचना संकलन गर्ने



काठमाडौँ, २० मंसिर । नेपाली कम्युनिस्ट पार्टीले आसन्न प्रतिनिधिसभा निर्वाचनका लागि वातावरण बनाउन सबै तहमा सबै राजनीतिक दलहरूसँग छलफल अघि बढाउन निर्देशन दिएको छ । पार्टीले अन्तरपार्टी निर्देशन (अपानि) जारी गरेर २१ फागुनका लागि तय भएको निर्वाचनको वातावरण निर्माणका लागि पार्टीपंक्तिलाई सबै तहमा सबै राजनीतिक दलहरूसँग छलफल अघि बढाउन निर्देशन दिएको हो । निर्वाचनको वातावरण बनाउनका लागि सबै तहमा सबै राजनीतिक दलहरूसँग बैठक, वार्ता, छलफल गर्ने,' अपानिमा भनिएको छ, त्यसरी नै सञ्चारमाध्यम, बौद्धिक समुदाय, व्यवसायी, नागरिक समाजका अगुवाहरूसँग निर्वाचनको माहोल निर्माण गर्नका लागि छलफल, अन्तरक्रिया गर्ने ।' अपानिमा केन्द्रमा सरकार र निर्वाचन आयोग तथा विभिन्न तहमा सम्बन्धित तहका निर्वाचन एवं सुरक्षा निकायहरूसँग आवश्यक समन्वय र सहकार्य गर्न तथा विभिन्न सञ्चारमाध्यम, सामाजिक सञ्जाललगायत विभिन्न तरिकाबाट पार्टीको चुनाव चिह्न तारा' आम जनतालाई चिनाउन पनि भनिएको छ । नेपाली कम्युनिस्ट पार्टीले संघीय र प्रदेश सरकार तथा स्थानीय तहमा रहँदा गरेका जनपक्षीय र भ्रष्टचार विरोधी राम्रा कामहरूको जनताबीच व्यापक प्रचार गर्न र भ्रष्टचार, कुशासन, अनियमितता, बेथितिका घटना, विवरण र तथ्यहरू संकलन गर्न पनि पार्टीपंक्तिलाई निर्देशन दिएको छ ।

त्यस्ता क्रियाकलापहरूको विरोध गर्ने तथा विकास निर्माण, जनताको सेवा सुविधा, रोजगारी, सुशासन, सामाजिक न्याय र समृद्धिको पक्षमा आवाज बुलन्द गर्ने' संयोजक पुष्पकमल दाहाल प्रचण्ड र सहसंयोजक माधवकुमार नेपालद्वारा हस्ताक्षरित अपानिमा उल्लेख छ । पार्टीले विभिन्न तहमा मतदाता शिक्षा, तालिम, प्रशिक्षण, गोष्ठीलगायतका कार्यक्रम सञ्चालन गर्न, सबै तहमा पार्टी र जनवर्गीय संगठनद्वारा निर्वाचनको तयारी केन्द्रित बैठक, भेला, प्रशिक्षण तथा विभिन्न रचनात्मक र प्रचारात्मक कार्यक्रमहरू सञ्चालन गर्न पनि निर्देशन दिएको छ । नेपाली कम्युनिस्ट पार्टीले निर्धारित समयमा शान्तिपूर्ण, स्वतन्त्र, धाँधलीरहित र भयरहित वातावरणमा निर्वाचन सम्पन्न हुनुपर्नेमा पनि जोड दिएको छ । यतिवेलाको राष्ट्रिय संकटबाट देशलाई निकास दिन, संघीय लोकतान्त्रिक गणतन्त्रलगायत जनक्रान्तिका उपलब्धिहरूको रक्षा गर्न र संविधानलाई पूर्णरूपमा कार्यान्वयनमा ल्याउन, संविधान संशोधनका माध्यमबाट जेन–जी पुस्ताको भावनासहित जनताका अग्रगामी एजेण्डा सम्बोधन गर्न र सामाजिक न्याय, सुशासन, समृद्धि र समाजवादका आधार निर्माण गर्न पनि निर्वाचन अपरिहार्य छ,' अपानिमा लेखिएको छ ।

# लहानमा टी–२० प्याब्सन इन्टरस्कुल क्रिकेट लिग–२०२५' सुरु

सिरहा, २० मंसिर । क्रिकेटको प्रवर्द्धन तथा युवा प्रतिभाको पहिचान गर्ने उद्देश्यका साथ लहान–४ यज्ञभूमि क्रिकेट खेल मैदानमा आजदेखि टी–२० प्याब्सन इन्टरस्कुल क्रिकेट लिग–२०२५' सुरु भएको छ । प्रतियोगिताको आयोजक तथा टाइटल स्पोन्सर' प्याब्सन सिरहा रहेको छ ।



उद्‍घाटन खेलमा अपोलो ओम सेकेन्डरी स्कूल र जीबी शो एलिट स्कूलबीच पहिलो खेल हुने आयोजकले जनाएको छ । यस बर्षको लिगमा २८ वटा निजी विद्यालयको सहभागिता रहेको प्याब्सन सिरहाका अध्यक्ष उमेश चौधरीले जानकारी दिनुभयो । अध्यक्ष चौधरीले मधेस क्रिकेट प्रतिभाले भरिपूर्ण क्षेत्र भएको उल्लेख गर्दै यस प्रतियोगिताले विद्यालयस्तरमा लुकेर रहेका खेलाडीहरूको क्षमता उजागर गर्न ठूलो भूमिका खेल्ने बताउनुभयो ।

उहाँले भनुभयो,"यहाँ क्षमता भएर पनि ओझेलमा परेका खेलाडीहरूलाई यो मञ्चले आफ्नो खेल प्रदर्शन गर्ने अवसर प्रदान गर्नेछ ।" त्यस्तै लहान क्रिकेट क्लबका अध्यक्ष विमल ठाकुरले खेलकुद क्षेत्रको विकास र युवा विद्यार्थीहरूको क्षमता पहिचान गर्न यस्ता प्रतियोगिताहरू अत्यन्त उपयोगी भएको बताउनुभयो । विद्यालयस्तरमै यस्ता गतिविधि हुनु सकारात्मक काम भएको भन्दै उहाँले आयोजकप्रति प्रशंसा व्यक्त गर्नुभयो । प्रतियोगिताको सहयोगीका रूपमा लहान क्रिकेट क्लबसहित सिराहा जिल्ला क्रिकेट संघ, मधेश प्रदेश क्रिकेट संघ र क्रिकेट एशोसिएसन अफ नेपालसंग सहकार्य गरिएको आयोजकले जनाएको छ ।

साथै, प्रतियोगिताको मिडिया पार्टनर शेख मिडिया हाउस प्रा.लि. रहेको छ । यसैबीच, लहान–४ यज्ञभूमि मैदानमै युवा तथा खेलकुद मन्त्री बब्लु गुप्ताको पहलमा व्यवस्थित क्रिकेट रङ्गशाला निर्माण प्रक्रिया पनि अघि बढेको छ । त्यसका लागि मन्त्रालयबाट रु तीन करोड र लहान नगरपालिकाले रु दुई करोड बजेट व्यवस्था भइसकेको लहान क्रिकेट क्लबका अध्यक्ष ठाकुरले जानकारी दिनुभयो । रङ्गशालाका लागि विस्तृत परियोजना प्रतिवेदन ( डीपीआर) तयार गर्ने काम भइरहेको समेत उहाँले बताउनुभयो ।

# माउन्ट एभरेष्ट इन्टरनेशनल कलेजले चलाए स्नातकोत्तर तर्फ एमबीए



सिरहा, २० मंसिर। सिरहाको गोलबजारस्थित माउन्ट एभरेष्ट इन्टरनेशनल कलेजले यस शैक्षिकसत्रबाट जिल्लामै पहिलो पटक स्नातकोत्तर तर्फ एमबीए कार्यक्रम सञ्चालन गरेको छ। स्नातक तर्फ बीबीए, बीसीए, बीएससी सीएसआईटीका पढाई गराउँदै आएका यस कलेजले यस वर्षबाट स्नातकोत्तरको पठन पाठन सुरुगरेको आज कलेज परिसरमै पत्रकार सम्मेलन गरी जानकारी गराएको हो।

विगत लामो समयदेखि माउन्ट एभरेष्ट सेकेन्ड्री स्कूलको नाममा निजी तवरबाट शिक्षाको विकास योगदान गर्दै आएको बताउँदै कलेजका संस्थापक प्राचार्य मनोज कुमार यादवले उच्च शिक्षामा पनि आफूहरुले हात हालेको पत्रकार सम्मेलनमा बताए। उनले भने, मेरो लामो समय शिक्षा क्षेत्रमै वित्यो, मैले अव अन्यत्र सोच्ने कुरा पनि आउँदैन र मधेश प्रदेशमै आफ्ना बच्चाहरुलाई पढ्न पाठाउँ न त भन्दा त्यस्तो ठाउँ छैन। त्यसैले पनि उच्च शिक्षामा प्रवेश गरेको हो।'

उनले आफ्नो सम्पूर्ण समय र सम्पतीको लगानी यसै क्षेत्रमा रहेकाले समयको माँग, स्थानीय आवश्यकतालाई पछ्याउँदै पछिल्ला केही वर्षबाट माउन्ट एभरेष्ट इन्टरनेशनल कलेजलेको नाममा हामीले उच्च शिक्षामा हात हालेको दोहर्याए। उनले यस कलेजले समय सान्दर्भिक विषयहरु यस क्षेत्रका विद्यार्थी तथा अभिभावको आयस्तरलाई बुझेर नै न्यून लगानीमा उच्च शिक्षा प्रदान गर्ने जमर्को गरेको बताए।

उनले भने, हामीले अहिले सवैतिर काम लाग्ने विषयहरु पढाइरहेका छौं, त्यसका लागि हामीले हाम्रो दक्ष जनशक्ति मार्फत न्यून शुल्कमा पढाउने काम गरिरहेका छौं। जुन कसैले सोच्न पनि सक्दैन। हाम्रो मुख्य उदेश्य भनेकै सवैले सहज, सुलभ ढङ्गले गुणस्तरीय उच्च शिक्षा पाउन भन्ने हो।' उच्च शिक्षा तर्फ राजर्षि जनक विश्वविद्यालयको सम्वन्धनमा स्नातक तर्फ बीबीए, बीसीए, बीएससी सीएसआईटी कार्यक्रम यस अघिदेखि नै सञ्चालन गर्दै आईरहेको स्मरण गराए। साथै दश जोड दुई तर्फ विज्ञान, बाणिज्य र शिक्षा विषय पठन पाठन गाराउँदै आईरहेका संस्थापक प्राचार्य यादवले बताए।

# लहान–१२ मा मृतक परिवारलाई खाद्यान्न सहयोग



**रोयाण्टर मण्डल**

सिरहा, २० मंसिर। लहान नगरपालिका–१२ जटियाहीका अशोक रामको निधन भएपछि पीडित बनेको उनका परिवारलाई लहान नगरपालिकाले खाद्यान्न सहयोग प्रदान गरेको छ। स्थानीयको आग्रहपछि वडा अध्यक्ष बद्री नारायण चौधरीको समन्वयमा चामल, दाल, नुन र तेल सहितको राहत सामग्री घरमै पुगी लहान नगरपालिकाका नगर प्रमुख महेश प्रसाद चौधरीले वितरण गरिएको हो। नगर प्रमुख चौधरीले विपत्को क्षणमा स्थानीय सरकार सदैव जनताकै पक्षमा रहने बताउँदै तत्कालीन आवश्यकताका लागि राहत उपलब्ध गराइएको उल्लेख गरे। उनका अनुसार यस्तो सहयोगले समुदायमा सकारात्मक सन्देश प्रवाह भएको छ।

**अब लहानमा**

लहान नगरपालिकाले अतिविपन्न तथा दलित नागरिकलाई १ लाख रुपैयाँसम्मको नि:शुल्क बिमा सुविधा उपलब्ध गराउने छ। अतिविपन्न नागरिक तथा दलित समुदायका परिवारलाई उपचार पहुँच सहज बनाउनुका साथै मृत्यु पश्चात् परिवारलाई राहतस्वरूप १ लाख रुपैयाँ उपलब्ध गराउने गरी बिमा कम्पनीसँग सम्झौता भइसकेको छ।

# १५औँ महाधिवेशनमा सभापति पदमा उम्मेदवारी दिन्छु : गगन थापा

जनकपुरधाम, २० मंसिर। नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले पार्टीको आसन्न १५औँ महाधिवेशनमा सभापति पदमा उम्मेदवारी दिने घोषणा गरेका छन्। नेपाल प्रेस युनियन सर्लाहीले शनिबार बिहान जनकपुरधाममा आयोजना गरेको पत्रकार भेटघाट कार्यक्रममा बोल्दै महामन्त्री थापाले आफू सभापतिका उम्मेदवार हुने बताएका हुन्। उनले केही समय छलफल र बहसमा खेर गएको उल्लेख गर्दै अब छोटो अवधिमै महाधिवेशन




सम्पन्न गरी फागुन २१ गते हुने निर्वाचनमा पार्टी सरिक हुने निर्णय भइसकेको जानकारी दिए।

महामन्त्री थापाका अनुसार पार्टीको महाधिवेशन र आम निर्वाचनको तयारी सँगसँगै अघि बढाइएको छ। उनले वर्तमान सरकारले फागुन २१ मै निर्वाचन गराउने विश्वास व्यक्त गरे। त्यसैगरी, उनले यसपटक पनि काठमाडौँबाटै चुनाव लड्ने स्पष्ट पारे। सर्लाहीको क्षेत्र नं. ४ बाट यसअघि पनि चुनाव लड्न प्रस्ताव आए पनि पार्टीभित्र प्रायः आफ्नै निर्वाचन क्षेत्रबाट प्रतिस्पर्धा गर्ने अभ्यास रहेकाले आफू अहिलेकै निर्वाचन क्षेत्रबाट उम्मेदवार बन्ने उनले जानकारी दिए।

# आगलागीमा करिब ६ लाखको क्षति

सिरहा, २० मंसिर। सिरहाको लक्ष्मीपुर पतारी गाउँपालिका– २ पोखरभिण्डामा शुक्रबार बिहान भएको आगलागीमा दुई घर जल्दा करिब ६ लाख रुपैयाँबराबरको धनमाल जलेर नष्ट भएको छ। स्थानीय रविन कामैतको फुसको दुईतले घरमा शुक्रबार बिहान करिब १ बजेतिर विद्युतको तार सर्ट भई अचानक आगलागी भएको हुन सक्ने प्रहरीको अनुमान छ। आगलागीमा घर, धानचामल, लत्ताकपडा, गरगहनासहित करिब पाँच लाख ९० हजार मूल्यबराबरको क्षति भएको जिल्ला प्रहरी कार्यालय सिराहाले जनाएको छ। प्रहरीका अनुसार आगलागीको सूचना पाएलगत्तै शुक्रबार बिहान करिब सवा १ बजेतिर इलाका प्रहरी कार्यालय महेशपुर पतारबाट प्रहरी सहायक निरीक्षक बद्रीनारायण यादवको कमान्डमा घटनास्थलमा प्रहरी परिचालन गरी स्थानीय बासिन्दाको समेत सहयोगमा आधा घण्टामा आगो नियन्त्रणमा लिइएको हो। प्रहरीका अनुसार रविनको घरमा लागेको आगोले छिमेकी नवीन कामैतको समेत एकतले फुसको घर जल्दा धानचामल, लत्ताकपडासहित करिब पाँच लाख ९० हजार रुपैयाँबराबरको क्षति भएको हो।












मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक :** कमलेश कुमार यादव, **सह-सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार:** कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)